# गोलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### गोलबजार, सिरहा

**प्रदेश नं. २, नेपाल**

## सोपिङ कम्पलेक्स (सटर) भाडामा लगाउने सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०७५।०८।२४**

उपरोक्त सम्बन्धमा यस कार्यालयको स्वामित्वमा रहेको धमिनी मन्दिरको नवनिर्मित गेटसँग जोडिएको पश्चिम तर्फको तिनवटा सटरहरु भाडामा लगाउनुपर्ने भएकोले भाडामा लिन चाहने इच्छुक व्यक्ती, फर्म, कम्पनी, संघ संस्थाले निम्न शर्तहरुको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरू**

१. भाडा लिन चाहने इच्छुक व्यक्ती, फर्म, कम्पनी, संघ संस्थाले रु ३००/- अक्षरेपी तीन सय दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्न सक्नेछ।

२. सटर भाडामा लिई आफुले संचालन गर्ने व्यापार व्यावसायसँग सम्बन्धित व्यावसायिकर्ता दर्ता प्रमाणपत्रको प्रपितलिपी, आन्तरिक राजस्व कार्यालयवाट प्राप्त मु.अ.कर वा पान नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा प्रोपराइटरको नागरिकताको प्रतिलिपी लगायत आवश्यक अन्य कागजातहरु र यस कार्यालयबाट खरिद गरिएको आवेदन भरी शिलवन्दी गरी पेश गर्नुपर्नेछ।

३. कानुनले वन्देज लगाइएको सरसमानहरु विक्री वितरण गर्न पाईने छैन।

४. पानी महशुल तथा विद्युत महशुल भाडामा लिने व्यक्ती, फर्म, कम्पनी, संघ-संस्था स्वंयले व्यहोर्नुपर्नेछ। उक्त महशुल बुझाउने कार्य तालिका कार्यालयले सम्झौता शर्तमा उल्लेख गरिनेछ।

५. प्रति सटर न्यनतम मासिक भाडा रु. ७०००/- अक्षरेपी सात हजार मात्र कायम भएकोले सो भन्दा घटी कवोल गर्न पाईने छैन। सबै भन्दा बढी कबोल गर्ने र रितपूर्वक भएको आवेदनलाई स्वीकृत गर्न सकिनेछ र आवेदन अस्वीकृत हुने आवेदन स्वयंले सटर प्रयोग गर्नुपर्ने छ।

६. आवेदन स्वीकृत भएको आवदेनले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले सात दिनभित्र आफुले कवोल गरेको मासिक भाडाको दरले जम्मा ३ महिनाको भाडा वापत हुने रकम धरौटी सहित सम्झौता गर्न आउनुपर्नेछ। धरौटी रकम यस गोलबजार नगरपालिकाको धरौटी **खाता नं.** 2130303000302 राष्ट्रिय वाणिज्य बैंक सिरहा शाखामा जम्मा गर्नुपर्नेछ।

७. तोकिएको म्याद भित्र धरौटी सहित सम्झौता नगरेमां त्यस पछि बढी कबोल गर्ने व्यक्ती, फर्म कम्पनीसंघ संस्थासंग सम्झौता प्रक्रिया अघि बढाइने छ।

८. स्वीकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको २५ पचीस गतेभित्र नगरपालिकामा स्वयं उपस्थितभई भाडा बुझाई सक्नुपर्नेछ। तीन महिनासम्म भाडा नबुझाएमा धरौटी वापत राखिएको रकमबाट भाडा असुल उपर गरि सटर खाली गराईनेछ।

९. सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ सथै अन्य केही कुरा बुझ्नुपर्ने भए कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा